REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs      Date: 22.12.2024

---

## रोजगार मेला

केन्द्रिय आयुष एवम् स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री श्री प्रतापराव जाधव दुई दिने सिक्किम भ्रमणमा आज राजधानी गान्तोक आइपुग्नु भयो।

केन्द्रीय मन्त्रीलाई बागडोगरा विमालस्थलमा राज्य सरकारका अधिकारीहरूले न्यानो स्वागत गरेका थिए। उहाँसित मन्त्रालयका सल्लाहकार डा. सचिन प्रह्लाद पनि सिक्किम आउनु भएको छ।

केन्द्रिय मन्त्रीले भोलि राष्ट्रव्यापी रूपमा आयोजन हुने रोजगार मेला अन्तर्गत गान्तोकमा नवनियुक्त कर्मचारीहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्समार्फत ७१ हजारभन्दा धैरै नवनियुक्त कर्मचारीलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले लाभार्थी युवाहरूलाई सम्बोधन पनि गर्नुहुनेछ। देशका विभिन्न ४५ स्थानमा रोजगार मेला आयोजना गरिँदैछ। केन्द्र सरकारका विभिन्न मन्त्रालय र विभागहरूमा य ो नियुक्त भइरहेको छ। देशभरिबाट छनोट भएका नवनियुक्त युवाहरुलाई गृह मन्त्रालय, डाक विभाग, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र वित्तीय सेवा विभागलगायत विभिन्न मन्त्रालय र विभागमा नियुक्ति गरिनेछ ।

## विधायक पामिन लेप्चा

नाथाङ माछोङ क्षेत्रकी विधायक श्रीमती पामिन लेप्चाले आज पाकिममा आयोजित एक कार्यक्रममा किसानहरूलाई कृषि उपकरण वितरण गर्नुभयो। कषि विभागको पाकिम जिल्ला कार्यालयद्वारा आयोजित कार्यक्रममा किसानहरूलाई पावर टिल्लर, काफ कटर, स्पाइस ग्राइडर जस्ता उपकरण वितरण गरिएको थियो। यी उपकरणहरू वर्ष 2024-25 को SMAM Scheme अन्तर्गत प्रदान गरिएका हुन्। लाभार्थी किसानहरूसित कुराकानी गर्दै विधायक श्रीमती लेप्चाले यी कृषि उपकरणको सदुपयोग गरेर लाभ उठाउन आग्रह गर्नुभएको थियो।

## कृषि मेला

गेजिङ जिल्लाको मानेबुङ देन्ताम क्षेत्रअन्तर्गत हि-याङथाङमा राष्ट्रिय किसान दिवसको अवसरमा आयोजित दुई दिवसीय कृषि मेलाको उद्घाटन आज क्षेत्र विधायक श्री सुदेशकुमार लिम्बूले गर्नुभयो। भी-ग्रो एफआईजी को तत्वावधानमा आयोजित मेलाको उद्देश्य ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउनु रहेको बताइएको छ।

मेलामा विभिन्न किसान र महिला स्वयम्-सहायता समूहले आफ्ना कृषि उत्पादनहरू प्रदर्शनीमा राखेका छन् भने कृषि विभागले कृषि उपकरण, उत्पादन सामग्री र अन्य सामग्री प्रदर्शनीमा राखेको छ।

## कृषि प्रशिक्षण

ग्रामीण युवाहरुका निम्ति एकीकृत कीट एवम् रोगव्याधी व्यवस्थापन सम्बन्धी 6 दिने क्षमता विकास प्रशिक्षण आज नाम्ची जिल्लाको श्रीपताम गाङ्ग्योङ ग्राम पञ्चायतस्थित कारोङ कृषि कार्यालयमा सम्पन्न भयो।

प्रशिक्षणको आयोजना कृषि प्रविधि व्यवस्थापन एजेन्सी ATMA, नाम्ची जिल्लाद्वारा कृषि विभागको सहयोगमा र MANAGE, हैदराबादको प्रायोजनमा गरिएको थियो।

प्रशिक्षणमा स्थानीय 21 जना युवाहरूले सक्रियताका साथ सहभागिता जनाएका थिए।

## ब्याडमिन्टन कोचिङ

सिक्किम ब्याडमिन्टन एसोसिएसनले आउँदो वर्षको 4 जनवरीदेखि गान्तोकको पाल्जोर स्टेडियममा अवस्थित इन्डोर ब्याडमिन्टन हलमा अन्डर 11 अनि अन्डर 13 बोइज अनि गर्ल्सका निम्ति शीतकालीन विशेष ब्याडमिन्टन प्रशिक्षण शिविरको आयोजना गर्ने भएको छ। मान्यताप्राप्त कोचहरूद्वारा दिइने यो विशेष प्रशिक्षण एक महिनासम्म चल्ने संघले जनाएको छ।

## उपभोक्ता मामिला - एप्स

भारत सरकारको उपभोक्ता मामिला विभागले राष्ट्रिय उपभोक्ता दिवस 2024 को अवसरमा मङ्गलबार जागो ग्राहक जागो एप, जागृति एप र जागृति ड्यासबोर्ड लन्च गर्ने भएको छ। यी एप्सद्वारा ग्राहकहरूलाई सही जानकारी दिने अनि उनीहरूको अधिकारको संरक्षण गर्ने उद्देश्य राखिएको केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरण- CCPA ले जनाएको छ।

जागो ग्रहक जागो एपले उपभोक्ताको अनलाइन गतिविधिहरूमा सबै युनिभर्सल रिसोर्स लिंक- URL हरू बारे आवश्यक ई-कमर्स जानकारी उपलब्ध गराउने छ। यदि कुनै URL असुरक्षित छ भने यो एपले तत्काल सचेत गराउनेछ। जागृति एपले प्रयोगकर्ताहरूलाई गैरकानूनी गतिविधिमा संलग्न URL हरूबारे रिपोर्ट गर्न अनुमति प्रदान गर्नेछ।